# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

## मितिः ३१ अगस्त २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकल, आत्मनिर्भर भारत र विकसित भारत जस्ता स्थानीय उत्पादनहरुलाई प्रोत्साहन गर्ने मन्त्रका साथ देश अगाडि बढ्नुपर्ने बताउनु भएको छ ।
- नेपाली भाषा सग्रामी तथा भूतपूर्व सासद आर बी राईलाई गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनद्वारा भाषा सेवा सम्मान पुरस्कार २०-२५ प्रदान गरियो ।
- पश्चिम बंगालमा स्कूल सेवा आयोगले आफ्नो वेबसाइटमा अयोग्य शिक्षकहरूको सूची प्रकाशित गरेको छ।
- कम्युनिस्ट पार्टी माक्र्सवादीको भातृ सगठन अखिल भारतीय किसान सभा दार्जिलिङ जिल्ला कमिटीको २८ औ सम्मेलन आजदेखि शुरु भएको छ।
- मौसम विभागले उत्तर बङ्गालको अलिपुरद्वार र जलपाईगुडीका केही भागमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

**प्रधानमंत्री-मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकल, आत्मनिर्भर भारत र विकसित भारत जस्ता स्थानीय उत्पादनहरुलाई प्रोत्साहन गर्ने मन्त्रका साथ देश अगाडि बढ्नुपर्ने बताउनु भएको छ। आकाशवाणीमा मन की बात कार्यक्रममा आज उहाँले चाडपर्वको समयमा देशवासीले स्वदेशीलाई ध्यानमा राख्नुपर्ने बताउनु भयो भने भारतीय सामग्रीबाट बनेका सामानका लागि उपहारए लत्ताकपडा र फर्निसिङ लिनुपर्ने बताउनु भयो।

**दार्जीलिङ**

आज एक भव्य कार्यक्रम बीच नेपाली भाषा सग्रामी तथा भूतपूर्व सासद आर बी राईलाई गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनद्वारा भाषा सेवा सम्मान पुरस्कार प्रदान गरियो । गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन सूचना एवम् सांस्कृतिक विभाग अनि नेपाली भाषा दिवस समारोह समितिको संयुक्त तत्त्वावधानमा दार्जीलिङको गोर्खा रंगमञ्च भवनमा आयोजित भाषा सेवा सम्मान पुरस्कार अंलकरण समारोहबीच उहाँलाई उक्त सम्मान प्रदान गरिएको हो।

*Byte*

**मुर्शिदाबाद**

मुर्शिदाबादको तारानगर गाउँबाट एक बंगलादेशी नागरिकलाई लालगोला थानाको पुलिसले आज बिहान पक्राउ गरेको हो । प्राप्त सूचनाका आधारमा लालगोला थानाको पुलिसले तारानगर गाउँमा अपरेसन चलाएको थियो । यसैबीच पुलिसले अवैध घुसपैठको आरोपमा बंगलादेशको चपाईनवाबगञ्ज जिल्लाका एक जनालाई पक्राउ गरेको छ ।

**शिक्षक भर्ती भ्रष्टाचार**

पश्चिम बंगालमा स्कूल सेवा आयोग-एसएससीले सर्वोच्च न्यायलयको आदेशमा हिजो आफ्नो वेबसाइटमा १८०४ अयोग्य शिक्षकहरूको सूची प्रकाशित गऱ्यो।

*Byte*

**अक्षर अभिव्यक्ति विमोचित**

आज डालीस्थित कञ्चनजङ्घा एकाडेमी धोजवीर धुरामा कवयित्री आश्रा राईद्वारा रचित काव्यकृति अक्षर अभिव्यक्तिको विधिवत् लोकार्पण सम्पन्न भएको छ। कवि भूपाल सिङ्गौरेको सभापतित्व र साहित्यकार एव आकाशवानी खर्सांगका पुर्व निस्पादन पारसचन्द्र आलेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा डा. महेश दाहाल, निङ्ग दोर्जी, विशाल विश्वकर्मा लगायत स्थानीय विविध व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति थियो। काव्यसङ्ग्रहबारे टिप्पणी गर्दै डा. महेश दाहालले

अक्षर अभिव्यक्ति सरल, सहज र सर्वग्राह्य हुनुका साथै जीवनका मसिना कुराहरू र अनुभवजन्य अभिव्यक्तिले भरिपूर्ण रहेको उल्लेख गर्नुभयो। यसै अवसरमा साहित्यकार पारसचन्द्र आले र डा. महेश दाहाललाई शिरशोभाए अङ्गवस्त्र र स्मृतिचिन्ह अर्पण गरी सम्मान गरिएको थियो।

**२८ औ जिल्ला सम्मेलन**

कम्युनिस्ट पार्टी माक्र्सवादीको भातृ सगठन अखिल भारतीय किसान सभा दार्जिलिङ जिल्ला कमिटीको २८ औ दुई दिवसीय जिल्ला सम्मेलन विधाननगरमा आजदेखि शुरु भएको छ। सम्मेलनमा मुख्य रूपमा सगठानीक चर्चा परिचर्चाको साथमा राज्य एक केन्द्र सरकारको किसान बिरोधी निति बिरुद्धमा जोरदार आवजहरु उठने जिल्ला कमिटी सदस्य के बी वातरले बताउनु भएको छ। यसको साथमा सम्मेलनमा कोर्टले मनरेगा अगस्तबाट शुरु गर्ने भनेको भए पनि हालसम्म राज्यमा शुरु नहुनेमा सरकार जवाबदेही बारेमा पनि चर्चा परिचर्चा हुने वातरले बताउनु भयो। उहाँले भन्नुभयो केन्द्र अनि राज्य दुबै किसान बिरोधि छन यसैले दैनिक रूपमा किसानहरु आत्माहत्या गरिरहेका छन। लगभग एक बर्षभन्दा अधिक किसानले आन्दोलन गरे पनि सरकारले मिनिमम सपोट प्राइस (MSP) लागु गर्न नसक्नाले किसानहरु अत्यन्तै मर्कामा छन उनीहरूको जमीन मालिकको हातमा जादैछ। यी तमाम कुराहरूलाई लिएर जिल्ला कमिटी सम्मेलनमा चर्चा हुनेछन्।

**क्याथोलिक**

खरसाङको सन्त पौल गिर्जा घरमा सन्त मोनिकाको पर्वलाई केन्द्र गर्दै यस पल्लीको क्याथोलिक समाजको आयोजनामा सन्त पौल पल्लीका आमाहरूको पर्व पालन गरियो। मिस्सा बलिदान अर्पण गरि आमा दिवस पालन गरिएको आजको कार्यक्रममा सन्त अलफन्सस उच्चतर माध्यमिक विद्यालयका शिक्षक फादर डेविडद्वारा सन्त मोनिकाको जीवनी विषय प्रकाश पार्दै सन्त मोनिकाले आफ्नो जीवनमा धेरै दुख अनि चुनौतीहरूलाई समाना गर्न परेको जानकारी गराउनु भयो। आजको कार्यक्रममा चर्च प्रति र मण्डली प्रति विभिन्न रूपमा निःस्वार्थ योगदान पुराए वापत सिस्टर संगीता एफ सी अनि जिन म्याथुलाई क्याथोलिक समाजद्वारा सम्मान प्रदान गरियो यस्तै सन्त पौल पल्लीका फतिमा झुण्डका सदस्यहरूद्वारा २०२५ वर्षको मोनिका उपाधिले वरिष्ठ नागरिक शिशिलीया छेत्रीलाई सम्मान प्रदान गरियो।

**प्लगिङ**

सुखियापोखरीका युवा धावकहरूले आज प्लगिङ सम्पन्न गरेका छन् जसमा दौडसँगै बाटोमा रहको फोहोर संकलन गरिएको थियो। मेरी दार्जिलिङ अभियान अन्तर्गत आयोजना गरिएको यस अभ्यासमा अभियान पक्षले बाँसका चिम्टा र जैविक झोला उपलब्ध गराएका थिए। युवा धावकहरूले आफैं नेतृत्व गर्दै फोहोर उठाएका थिएए जसले शारीरिक तन्दुरुस्ती मात्र नभई वातावरणीय जिम्मेवारीप्रतिको सचेतनालाई पनि जोड दिएको आयोजकहरूले जनाएको छ।

**अगणबाडी कर्मचारी संगठन**

हिल तराई अगणबाडी कर्मचारी संगठनका केन्द्रीय समिति लगायत छ वटै खण्डका प्रतिनिधीहरुको एउटा टोलीले गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका प्रमुख कार्यपाल अनित थापा तथा विभागीय डीपीओसित भेट गरी लामो समयदेखि झेल्दै आइरहेको विविध समस्याहरुलाई लिएर चर्चा परिचर्चा गरेको छ। सगठनको प्रमुख पुस्प लामाको नेतृत्वमा गएको टोलीले कार्यपाल थापा एव विभागीय अधिकारीसग आगनबाडी कर्मीहरुले भोग्दै आएको समस्याहरुलाई उठाएको छ जसमा चाड पर्वहरुको छुट्टी बढाइनुपर्ने, शीतकालीन छुट्टी पाईनुपर्ने, लगायतको मागपत्रमा समावेश गरिएको थियो।

**मौसम**

शरद ऋतुको आगमनसँगै बङ्गालको मौसमले लगातार मोड लिइरहेको छ। एकातर्फ नीलो आकाशमा घाम देखिन्छ भने अर्कोतर्फ एक्कासि परेको वर्षाले मानिसलाई चकित पारिरहेको छ। मौसमी अक्ष हाल उडिसादेखि बङ्गालको खाडीसम्म फैलिएको छ र यसले राज्यको मौसममा प्रत्यक्ष असर पारिरहेको छ। जसका कारण आगामी दिनमा वर्षा अझै बढ्न सक्ने बताइएको छ। मौसम विभागका अनुसार आइतबार दक्षिण २४ परगना र पूर्व मेदिनीपुरमा मध्यम वर्षाको सम्भावना रहेको छ भने उत्तर र दक्षिण बङ्गालका धेरै स्थानमा मेघगर्जन र चट्याङ्गसहित वर्षाको सम्भावना रहेको छ।